**अनुसूची - २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

**भीरकोट राजपत्र**

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या ७ मितिः २०७५/०९/२४

**भाग-२**

**भीरकोट नगरपालिका**

## छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका, २०७५

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०९/२४

**प्रस्तावनाः**

भीरकोट नगरपालिका क्षेत्रभित्र छाडा छोडिएका चौपायाहरुको कारणबाट कृषकहरुले लगाएका अन्नवाली वर्षेनी नष्ट भै रहेकै, छाड छोडिएका चौपाएका कारण बजार क्षेत्र आसपासका खेती योग्य जग्गाको बाझोपन वढ्ने क्रममा रहेको, परम्परागत रुपमा राष्ट्रिय जनावरका रुपमा रहेका पशुपन्छीको महत्व पनि घट्दै जान सक्ने देखिएकोले छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) मा रहेको व्यवस्था बमोजिम भीरकोट नगरकार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ ।

भीरकोट नगरपालिका

## परिच्छेदः- १

### प्रारम्भ

**१) संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका २०७५" रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी लागु हुनेछ ।

**२) परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले भीरकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले भीरकोट नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "छाडा चौपाया" भन्नाले बेवारिसे रुपमा नगर क्षेत्रमा छाडिएका गाई, गोरु, बाच्छा, बाच्छी, राँगा, भैसी, सुगुर, वंगुर, वाखा वाखी, वोका लगायतका वेवारिसे रुपमा छाडिएका चौपायाहरुलाई सम्झनु पर्दछ।

(च) "पालन क्षेत्र" भन्नाले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा पालनका लागि नगरपालिका क्षेत्रभित्र तोकिएको क्षेत्रलाई सम्झनु पर्दछ ।

(छ) "चरनक्षेत्र" भन्नाले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा पालनका लागि नगरपालिका क्षेत्र भित्र तोकिएको चरनयोग्य जग्गालाई सम्झनु पर्दछ ।

(ज) "सभा" भन्नाले नगरपालिकाको सभालाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख" भन्नाले नगर प्रमुख लाई सम्झनु पर्दछ ।

(ञ) "उप प्रमुख" भन्नाले नगरपालिकाको उप प्रमुख लाई सम्झनु पर्दछ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपाल सरकारले प्रमुख प्रशासकिय अधिकृतको रुपमा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) "वडा अध्यक्ष" भन्नाले सम्बन्धित वडाबाट निर्बाचित वडा अध्यक्ष सम्झनु पर्दछ।

भीरकोट नगरपालिका

(ड) “सचिव” भन्नाले भीरकोट नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ र सो शब्दले वडाको हकमा सम्बन्धित वडा सचिवलाई सम्झनु पर्दछ ।

(ढ) “समिति” भन्नाले निर्देशिका बमोजिम गठित परिच्छेद-७ बमोजिम पालक तथा व्यवस्थापक समितिलाई जनाउने छ ।

(ण) “अनुगमन तथा समन्वय समिति” भन्नाले भीरकोट नगरपालिकामा गठित छाडा चौपाया नियन्त्रणका लागि गठन भएको अनुगमन तथा समन्वय समितिलाई सम्झनु पर्दछ ।

(त) “नगरक्षेत्र” भन्नाले भीरकोट नगरपालिका क्षेत्रभित्र रहेका १ देखि ९ वडाले समेट्ने क्षेत्रलाई सम्झनु पर्दछ ।

(थ) “आवश्यक कार्यविधि” भन्नाले चौपाया पालन तथा व्यवस्थापन समितिलाई चाहिने आवश्यक कार्यविधि भन्ने जनाउने छ ।

(द) “वडा समिति” भन्नाले वडामा निर्वाचित वडा सदस्यहरु रहेको समितिलाई जनाउदछ ।

## परिच्छेद-२

## छाडा चौपाया व्यवस्थापन समिति

**३) नगर क्षेत्रमा रहेको छाडा चौपाय व्यवस्थापनका लागि देहाय बमोजिम एक नगरस्तरीय व्यवस्थापन समिति रहनेछ। त्यस्तो व्यवस्थापन समितिमा देहाय बमोजिमका पदाधिकारी संयोजक तथा सदस्य रहनेछन्।**

क) नगर उप प्रमुख - संयोजक

ख) कार्यपालिकाले तोकेका कार्यपालिकाका सदस्यहरु मध्ये २ जना - सदस्य

ग) भीरकोट नगरपालिकामा कार्यरत कृषि सेवाको अधिकृत - सदस्य

घ) भीरकोट नगरपालिकामा कार्यरत वन सेवाको अधिकृत - सदस्य

ङ) भीरकोट नगरपालिकाका पशु सेवा शाखा प्रमुख -सदस्य सचिव

व्यवस्थापन समितिको वैठकमा आवश्यकता अनुसार नगरपालिकाका पदाधिकारी तथा कर्मचारी र अन्य संघ संस्थाको पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्ने सक्नेछ ।

भीरकोट नगरपालिका

**४) छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।**

क) छाडा चौपाय व्यवस्थापनका लागि नीति तथा योजनाको तर्जुमा गर्ने ।

ख) नगर क्षेत्र भित्र छोडिएका छाडा चौपायाहरुलाई नगरपालिका क्षेत्रभित्र पालन तथा चरन क्षेत्र तोक्ने ।

ग) नगरपालिकाका क्षेत्र भित्र पालेका घरपालुवा र छाडा चौपायाहरुको तथ्याङ्क (लगत) संकलन गरी अध्यावधिक गर्ने र वडा समितिहरुलाई सो कार्यमा सक्रिय गराउने । वडा समितिले यो निर्देशिका लागु भएको ३ महिना भित्र आ-आफ्नो वडा भित्र रहेको पशुहरुको एकिन तथ्यांक तयार गरि वडा कार्यालयमा पेश गर्न लगाउने।

घ) चौपायाहरुको तथ्याङ्क (लगत) संकलन गरि घरपालुवा जनावरको दर्ता र पहिचानका लागि ट्याग (निश्चित पहिचान चिन्ह) लगाउने कार्यको व्यवस्था मिलाउने ।

ङ) समितिले छाडा पशुचौपाया पालनका लागि लाग्ने लागत, पूर्वाधार लगायतका आवश्यकताहरु को पहिचान गरी कार्यान्वयन गराउने ।

## परिच्छेद - ४

## वडास्तरीय समिति

**५. छाडा चौपाय व्यवस्थापनका लागि देहाय बमोजिमको वडास्तरीय व्यवस्थापन समिति रहनेछ ।**

| | |
|---|---|
| क) वडा अध्यक्ष | - संयोजक |
| ख) वडा सदस्यहरु ४ जना | - सदस्य |
| ग) वोर्ड सदस्य सम्बन्धित वडा | - सदस्य |
| घ) वडा सचिव | - सदस्य सचिव |

उपरोक्त बमोजिमको समितिको वैठकमा वडास्तरका सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्ने सकिनेछ।

**६. वडा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

१) टोल विकास समिति लगायतका अन्य समिति तथा संघसंस्थाहरुसँगको सहकार्य र समन्वयमा वडा भित्र रहेका सम्पूर्ण चौपायहरुको जन्म, मृत्यू, खरीद, विक्री लगायतको अद्यावधिक अभिलेखको विवरण तयार गर्ने।

२) आफ्नो वडा भित्र रहेका छाडा छोडिएका पशुचौपायाहरुलाई छोड्ने नियन्त्रण गर्ने र छाडेको चौपायाहरुको व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।

३) वडा भित्र छाडा छोडिएका पशु व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गाको पहिचान गर्ने।

४) यस निर्देशिका बमोजिम नगरस्तरमा गठित छाडा चौपाया व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्नु ।

५) वडा समितिले आ-आफ्नो वडामा घरमा पालिएका चौपायाहरुको जन्म□, मृत्यु, खरिद तथा विक्री सहितको अभिलेखिकरण तयारी गरि राख्ने ।

५) अध्यावधिक भैसकेका चौपायाहरु एक वडाबाट अर्को वडामा वा नगरपालिका बाहिर अन्यत्र विक्री वितरण वा स्थानान्तरण गर्दा अनिवार्य रुपमा वडा समितिको सिफारिस अनुसार गराउने व्यवस्था मिलाउने ।यसरी वडा समितिले सिफारिस गर्दा निःशुल्क रुपमा गर्ने व्यवस्था मिलाउने।

७) एक वडा बाट अर्को वडा वा नगर क्षेत्र बाहिर चौपाया स्थानान्तरण/विक्रि वितरण भएको अभिलेखमा जनाई वडा समितिले सिफारिस गर्नु पर्नेछ ।

७) आफ्नो वडा कार्यालय बाहिरबाट आफ्नो वडामा खरीद भै आएका पशुचौपायको अद्यावधिक विवरण तयार गर्ने ।

८) वडा समितिले आवश्यक ठानेमा छाडा पशुपालन तथा व्यवस्थापन समितिको गठन गरि छाडा चौपाया नियन्त्रण तथा पालनको व्यवस्था मिलाउन सक्नेछ ।

९) नगर क्षेत्रभित्र बेवारिसे रुपमा छोडिएका चौपायाहरुलाई नियन्त्रणमा लिई नगरपालिकाबाट पालन क्षेत्र भनि तोकिएको क्षेत्रमा लाने व्यवस्था मिलाउने ।

१०) नगरपालिकाबाट तोकिए बमोजिम चरन क्षेत्रमा तारवार, घेरवार गर्ने, पशु आहारका लागि चाहिने आवश्यक घाँस, डाले घाँस, रुख विरुवाहरु लगाई उपभोगको व्यवस्था मिलाउनेछ ।

११) चरन क्षेत्रमा चरन नभएको, नपुग हुने अवस्था र चरन नहुने मौसमका लागि सुख्खा तथा हरियो घाँस पराल खरिद गर्नु पर्ने भएमा सो पालन गर्ने संस्था/व्यक्तिलाई आवश्यक व्यवस्था मिलाउन सहयोग गर्ने ।

१२) छाडा चौपायाको पालन तथा व्यवस्थापनका लागि चाहिने आवश्यक जनशक्ति पालन गर्ने संस्था वा व्यक्तिले दुई पक्षीय सम्झौता वमोजिम व्यवस्था मिलाउनेछ । तर नगरपालिकाले आफै व्यवस्था गर्नु पर्ने भएमा चाहिने जनशक्ति करारमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१३) नगरपालिका आफैले व्यवस्थापन गर्नु पर्ने अवस्थामा वडा समितिवाट तोकी जिम्मेवारी पाएको सदस्यले सो छाडा पशुचौपायाहरुको रेखदेख र पालन गर्ने जनशक्तिलाई परिचालन गर्नु पर्नेछ ।

१४) नगरपालिका आफै व्यवस्थापन गर्नु पर्ने अवस्थामा नगरपालिकामा जनशक्ति उपलव्ध भएको अवस्थामा सोही स्तरको उपलव्ध जनशक्तिलाई पनि उपयोग गर्न सक्नेछ ।

१५) पालन क्षेत्रमा पालिएका चौपायाहरु तथा चौपायाहरुबाट उत्पादित चिजवस्तु विक्री वितरण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१६) छाडा पशु चौपायाको व्यवस्थापन गर्न आवश्यक पर्ने गौशाला निर्माणका लागि सार्वजनीक, सरकारी वन, प्रति जमीन, सामुदायिक वन, खोला नदी किनार तटिय क्षेत्र आदि खोजी व्यवस्थापन गर्ने सो हुन नसकेमा जमिन भाडामा लिई नगरपालिकाले त्यसको व्यवस्थापन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद-६

## पशु धनीको काम, कर्तव्य र अधिकार

क) आफ्नो घरमा पालेको घरपालुवा जनावरको पालन पोषण गर्ने/गराउने ।

ख) आफ्नो घरमा पालेका पशु चौपायको जन्म, मृत्यू, विक्रि वितरणको विवरण नियमित रुपमा वडा समितिमा उपलब्ध गराउने ।

ग) आफु बसोवास गरेको वडा बाहेक अन्यत्रस्थानबाट पशु चौपायहरु खरीद गर्दा वडा समितिको अनुमति लिएर मात्र गर्ने।

घ) वडा भित्र रहेका छाडा पशुचौपायको व्यवस्थापनका लगि वडा कार्यालयलाई आवश्यक सहयोग गर्ने/गराउने ।

ङ) कसैले आफ्नो वडा भित्र रहेको पशु छाडा छोडेमा त्यसको जानकारी वडा समितिलाई दिने ।

## परिच्छेद-८

## व्यवस्थापनका लागि आर्थिक व्यवस्था

**९) पशु चौपाया व्यवस्थापनका लागि आवश्यक पर्ने रकमको व्यवस्था देहाय बमोजिम हुनेछ ।**

क) स्थानीय संस्था/व्यक्तिसंग साझेदारी गरि व्यवस्थापन हुने हकमा सम्झौता वमोजिम हुनेछ ।

ख) नगरपालिकाले आफ्नै व्यवस्थामा पशुपालन गरि व्यवस्थापन गर्नु पर्ने अवस्थामा छाडा पशुचौपाया व्यवस्थापनका लागि आवश्यक हेरालु, गौशालाको निर्माण/मर्मत र घाँस पराल समेतको लागि आवश्यक पर्ने रकम नगर सभाबाट रकम विनियोजन गर्नुपर्नेछ ।

## परिच्छेद-९

## दण्ड जरिवाना सम्बन्धी व्यवस्था

१०. यस कार्यविधि बमोजिम कसैले छाडा पशु छाडेमा वा व्यवस्थापनको कार्यमा असहयोग गरेमा देहाय बमोजिमको दण्ड जरिवना गरिनेछः-

क) पशु धनी कसैले पनि पशुचौपाया छोडी वा लापरवाही गरी कसैको खेतीपाती वा अन्य वालिनाली हानी नोक्सानी भएमा क्षतिको एकिन गरि सम्वन्धित पशुधनीवाट वडा समितिले क्षतिपूर्ति भराई दण्ड सजाय गर्न सक्नेछ ।

ख) कुनै पशुधनीले पालना गर्दै आएका पशुपन्छी, छाडा छोडेमा पहिलो पटक प्रति पशु रु ५०००/- का दरले जरिवाना गरिनेछ । त्यस्तो पशु स्वयं पशुधनीलाई फिर्ता गरिनेछ ।

ग) नगरपालिकासंग सिमामा जोडीएका वा अन्य क्षेत्रवाट कसैले पशु छोडेमा सम्वन्धित नगरपालिकासंग समन्वय गरि सम्वन्धित पशुधनीवाट असुल उपर गरिने छ ।

घ) नगरपालिका क्षेत्रभित्र कसैले छाडा चौपाया छोडेको जानकारी वडा कार्यालय वा नगरपालिकालाई दिएमा सम्बन्धित सूचकलाई सूचना बमोजिमको उठेको जरिवाना रकमको २५ प्रतिशत रकम पुरस्कार स्वरुप उपलव्ध गराईनेछ।

ङ) परम्परागत मूल्य र मान्यता, धार्मिक तथा सांस्कृतिक आधारमा पशुचौपायहरुको अवहेलना हुने गरि कसैले छाडा छोडेमा त्यस्तो पशुधनीलाई दोश्रो पटक नगरपालिका वा वडा कार्यालयबाट प्रदान गरिने सेवा तथा सुविधाबाट वञ्चित गरिनेछ ।

## परिच्छेद-१०

## विविध

**११. निर्देशिका संसोधन सम्वन्धि व्यवस्थाः** निर्देशिका संशोधन गर्नु पर्ने आवश्यक भएमा छाडा चौपाया व्यवस्थापन समितिले निर्णय गरि नगर कार्यपालिका समक्ष पेश गरेमा नगरकार्यपालिकाबाट आवश्यक संसोधन हुनेछ ।

**१२. विविधः**

क) छाडा पशु व्यवस्थापनका लागि प्रति १५ छाडा पशु वरावर १ जनाको दरले हेरालु राख्ने व्यवस्था मिलाईनेछ ।

ख) यस निर्देशिका वमोजिम छाडा पशु व्यवस्थापनका लागि उपयूक्त सार्वजनिक जग्गा नपाएमा निजी स्वामित्वको जग्गामा सम्झौता गरि व्यवस्थापन गर्न सकिनेछ ।

**आज्ञाले**

**धर्म राज ढुंगाना**

**प्रमुख प्रशासकीय अधिकृत**

भीरकोट नगरपालिका